जिल्ला समन्वय समिति पर्वत
२०७३

# जिल्ला समन्वय समिति पर्वतको चालु आ.व.२०८३\८४को वार्षिक कार्ययोजना

नेपालको संविधान,२०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य नीतिगत व्यवस्था वमोजिम जिल्ला समन्वय समिति (DCC) को मुख्य भूमिका अनुगमन, समन्वय र सन्तुलित विकास हो। साथै जिल्ला भित्र रहेका विकासका कार्यक्रमको अनुगमन र सहजिकरणका साथमा अन्य कार्यहरु पनि जिल्ला समन्वय समितिवाट सम्पदान हुने हुदा सो वमोजिमनै निम्नानुसारका कार्यक्रम पेश गरिएको छ;

## १. अनुगमन तथा मूल्याङ्कन कार्यक्रम

- स्थानीय तहका विकास आयोजनाहरूको अनुगमनः

पर्वत जिल्लाका ७ वटै स्थानीय तह (२ नगरपालिका र ५ गाउँपालिका) मा सञ्चालित सङ्घीय, प्रदेश र स्थानीय तहका योजनाहरूको चौमासिक अनुगमन गर्ने।

- प्राकृतिक स्रोत उत्खनन अनुगमनः

स्थानीय पालिकाहरुवाट गर्ने नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन र सङ्कलन सम्बन्धी कार्यमा वातावरणीय मापदण्ड पालना भए/नभएको स्थलगत निरीक्षण गर्ने।

- सार्वजनिक सेवा प्रवाह निरीक्षणः

जिल्लास्थित अस्पताल, एवं स्वास्थ्य संस्थाहरुवाट र विषयगत सरकारी (संघ\प्रादेशिक) कार्यालयहरूवाट प्रदान गरिने सेवाको गुणस्तर अनुगमन गर्ने।

## २. समन्वय तथा सहकार्य प्रवर्द्धन

- जिल्ला सभा बैठक आयोजनाः

जिल्लाभित्रका स्थानीय तहहरूवीच नीतिगत सामञ्जस्यता ल्याउन वार्षिक रुपमा जिल्ला सभा सञ्चालन गर्ने।

- अन्तर-स्थानीय तह संयुक्त आयोजना पहलः
-

सडक, नदिजन्य पदार्थको उत्खनन र वितरण एवं व्यवस्थापन र पर्यटन पूर्वाधार जस्ता साझा विषयमा छिमेकी पालिका/जिल्लासँग समन्वय।

विष्णुराम वि.क.
प्रमुख

जिल्ला विपद् व्यवस्थापन समितिसँग सहकार्य गरी पूर्वतयारी, राहत तथा पुनर्स्थापनामा सहजीकरण र समन्वय गरिने छ।

३. क्षमता विकास तथा सुशासनः

- जनप्रतिनिधि तथा कर्मचारी सशक्तीकरणः

प्रदेश सरकारको समन्वयमा स्थानीय तहका निर्वाचित प्रतिनिधि तथा कर्मचारीका लागि योजना तर्जुमा, सुशासन र कानुन निर्माण सम्बन्धी अभिमुखीकरण।

- वित्तीय अनुशासन तथा लेखापरीक्षण सहजीकरणः

प्रदेश सरकारको समन्वय र सहयोगमा बेरुजु फछ्र्यौट र आन्तरिक सुशासन प्रवर्द्धन गर्न पालिका-स्तरीय लेखाप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरूसँग अन्तरक्रिया गर्ने।

४. अध्ययन, तथ्याङ्क तथा प्रविधिः

- स्थानीय तहहरु संगको सहयोग र समन्वयमा पर्वत जिल्लाको "पर्वत पर्यटन गुरुयोजना" तयार को लागि प्रारम्भिक तयारी गरिने छ।
- अन्य जिल्लामा रहेका स्थानीयतहहरुले गरेका असल अभ्यासको जानाकारी लिने तथा अध्ययन गर्ने,
- जनप्रतिनिधिहरु एवं कर्मचारीहरु संग स्थानीय तहमा कार्यसंचालन तथा सेवाप्रबाहमा गरेको अनुभव आदान प्रदानको लागि अवलोकन भ्रमण,

| क्र.सं. | कार्यक्रम / क्रियाकलाप | सम्भावित समय सीमा | लक्षित वर्ग / निकाय |
|---|---|---|---|
| १ | प्रथम चौमासिक अनुगमन | कात्तिक २०८३ सम्म | सञ्चालित योजनाहरू |
| २ | नवौं जिल्ला सभा बैठक | मङ्सीर, पौष माघ २०८३ | ७ वटै स्थानीय तह |

विष्णुराम वि.क.
प्रमुख

जिल्ला समन्वय समिति पर्वत २०७३

| क.सं. | कार्यक्रम / क्रियाकलाप | सम्भावित समय सीमा | लक्षित वर्ग / निकाय |
|---|---|---|---|
| ३ | सुशासन तथा क्षमता विकास तालिम | २०८३ चैत मसान्त सम्म | पालिका प्रतिनिधिहरू |
| ४ | दोस्रो चौमासिक अनुगमन | फागुन २०८३ सम्म | विकास निर्माण आयोजना |
| ५ | वार्षिक समीक्षा (कार्यालयको) | असार २०८४ | जिल्लाका सरोकारवाला |
| ६ | वार्षिक समिक्षा (जिल्लास्थित कार्यालय र स्थानीयतहहरुको समेत) | भाद्र मसान्त भित्र | जिल्लास्थित सबै कार्यालय र स्थानीय तहहरु |
| ७ | अनुभव तथा अध्ययन अवलोकन भ्रमण | वर्षदिन भित्र | जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारी |

थप कार्ययोजना ढाँचा

| क.सं. | रणनीतिक कार्यक्रम | मुख्य उद्देश्य | सहकार्य गर्ने निकाय |
|---|---|---|---|
| १ | कालीगण्डकी वातावरण अनुगमन | नदीजन्य स्रोतको अवैध उत्खनन रोक्नु | स्थानीय तह, प्रशासन, वातावरण मन्त्रालय |

विष्णुराम वि.क.
प्रमुख

जिल्ला समन्वय समिति
पर्वत
२०७२

| क्र.सं. | रणनीतिक कार्यक्रम | मुख्य उद्देश्य | सहकार्य गर्ने निकाय |
|---|---|---|---|
| २ | पर्वत पर्यटन प्रवर्द्धन बैठक | पालिकास्तरमा पर्यटन पूर्वाधारको एकीकृत सञ्जाल बनाउनु | पर्यटन बोर्ड, उद्योग वाणिज्य संघ, पालिका |
| ३ | न्यायिक समिति अनुभव आदान-प्रदान | स्थानीय तहमा न्याय सम्पादनलाई छिटो र पारदर्शी बनाउनु | ७ वटै पालिकाका न्यायिक समिति |

विष्णुराम वि.क.
प्रमुख